# बोध

## कवितासङ्ग्रह

- विष्णुप्रसाद पन्त

| | |
|---|---|
| **रचनाकार** | **: विष्णुप्रसाद पन्त** |
| सर्वाधिकार | : लेखकमा सुरक्षित |
| प्रकाशक | : गुणनिधि पन्त स्मृति प्रतिष्ठान चाबहिल, काठमाडौँ |
| संस्करण | : पहिलो, २०७१ |
| प्रति | : हजार प्रति |
| मूल्य | : रू. १५०।- |
| कम्प्युटर | : जि.के. कम्प्युटर, चुच्चेपाटी |

Bodh Kabita Sangraha

# जीवन चेतनाले भरिएका कविता

कविता साहित्यको सर्वश्रेष्ठ विधा हो । त्यसो हुनाले कवितालाई आफ्नो अन्तर्दृष्टिको संवाहक बनाएर सम्पूर्ण मानव समुदायलाई जीवनको पाठ पढाउन उद्यत हुने कवि स्वतः सर्वश्रेष्ठ हुने कुरो पुष्टि हुनजान्छ । कविलाई 'ब्रह्मा' त्यसै भनिएको होइन । ऊ भित्रबाहिर सर्वत्र व्यापक हुन्छ । हाम्रा शास्त्रहरूले त्यस तथ्यलाई उहिल्यै प्रमाणित गरिसकेका छन् । कवित्व चेतना प्रबल मानवीय चेतना हो । यस्तो चेतना जन्मजात हुन्छ नै, मात्र प्रस्फुटनको साइत जुर्नुपर्छ । त्यसैले प्रत्येक सर्जकका प्रारम्भिक सृष्टिहरू फरक समयमा प्रस्फुटित हुने गर्छन् । अन्तर्कवित्व कोपिलाले फक्रने समय खोजेपछि व्यक्तिमा छटपटी पैदा हुन्छ, त्यसलाई लयमा बाँधेर लिपिवद्ध गरेपछि कविताले जन्म लिन्छ । कुनै कविता रचनाले आत्मसन्तुष्टि दिन सक्यो भने त्यो जत्तिको पुरुषार्थ कविले अरू ठान्दैन । कविको स्वभाव विचित्रको हुन्छ । ऊ सदा रहस्यको गर्भभित्र हुर्कन्छ र सुखदुःखलाई जीवनका अनिवार्य सहचर मान्दै एउटा सुखद दार्शनिकको भाका सुसेल्छ । जीवनको भाका सुसेल्न सक्नु सानोतिनो आँट र प्रयासले सम्भव छैन ।

संसार गतिशील छ । युगहरू आउँछन्, जान्छन् । परन्तु कविको धर्म युगलाई चिन्नु र चिनाउनु हो । युगलाई बुझ्नु र बुझाउनु हो । सबै मानवप्राणी ज्ञानी र सचेत हुँदैनन् । धेरैले जीवनको वास्तविक पथ फेला पार्न सक्तैनन् । हिमाली क्षेत्रमा कस्तूरी भौंतारिएझैं गन्तव्यहीन बनेर दुःखको सुस्केरा हाल्न थाल्छन् । भनौं, अरू सुतेका बेला कवि बिउँझन्छ र अरूका लागि मार्गचित्र

कोर्न थाल्छ । त्यही नै उसको परोपकार हो । संसारलाई कविहरूले चलाएका छन् । जसले कविको निर्देशन माने ती सप्रिए जतिले मानेनन् ती सडे र अरूलाई समेत भडखालामा हाले । व्यक्ति, परिवार, समाज, राष्ट्र र सम्पूर्ण विश्वजगत् सुध्रनु र बिग्रनुको नियति यही नै हो । यही नियतिचक्रमा हामी फनफनिएका छौँ । अनि यसै भुमरीभित्र म कवि विष्णुप्रसाद पन्तलाई पाउँछु । विनयशील, लगनीशल, सृजनशील, मर्मशील कवित्वको परिवेशमा । सुकुमार शब्दशैलीमा । जसरी उहाँ वार्तालाप गर्नुहुन्छ कविताहरू त्यसैगरी बोल्छन्, कतै हाँस्छन्, प्रेरकप्रद शैलीमा अनि कतै गम्भीर देखिन्छन्, बेथिति छ सबैतिर, चाहेको त्यो होइन । आखिर सिङ्गो जगत्ले के चाहन्छ ? उपकारी गुणी ज्ञानी मानव, कर्मशील र आदर्श परिवार, मैत्रीपूर्ण समाज, उन्नतिशील राष्ट्र, शान्ति, अहिंसा, भातृत्व, सद्भाव, सहानुभूति, प्रशंसा, सन्तुष्टि यस्तै यस्तै । कविले जगत्को समस्या बुझेको छ, ऊ पीडित छ, अशान्ति, हिंसा, शत्रुता, ईर्ष्या, लोभ, वैमनस्य, दुर्भाव, दम्भ, असन्तुष्टिले जेलिएका मन, परिवेश र चिच्चाहटहरूले सिर्जना गरेको आतङ्कप्रति । आखिर किन यस्तो हुन्छ ? विधिको विडम्बना नै यही हो । अनि कवि यो विडम्बना, विसङ्गति देखेर बुझेर कोक्किन्छ, आक्रोशित बन्छ र अन्ततः जागरणको गीत गाउँछ कहिले उच्च, कहिले मलिन स्वरमा ।

आज म विशेष ढङ्गले तरङगित हुँदै छु । तरङ्गित हुन दुईवटा कुरा चाहिन्छ, एउटा तरलता र अर्को आधार । मैले कवि विष्णुप्रसाद पन्तज्यू (२००७, काभ्रे) का कविताकृतिहरू पढेपछि प्रफुल्लित र उल्लासित हुने जोहो प्राप्त गरेको छु । कविता रहरले लेखिँदैन, करले बन्दैन । जब जीवनानुभूतिलाई कवित्व चेतनाले समेटिन्छ तब कविता बन्छ । पन्त सरका कविताहरू फिक्का छैनन्, रसमय छन् अनि आलङ्कारिक शब्दसंयोजनको सरलता र सहजता देखेबुझेपछि कवित्वको प्रातिभ स्पर्शले उहाँलाई बेरेकै हो भन्ने अनुभूति भयो मलाई । उहाँ आफ्ना अभिव्यक्तिहरूलाई सहज ढङ्गमा प्रस्तुत गर्नुहुन्छ । त्यसमा बेग्लै खालको मिठास हुन्छ, मलाई त्यो मनपर्छ ।

विष्णु सरका यसअगि पनि कविता सङ्ग्रहहरू प्रकाशनमा आएका हुन् । अहिलेका लागि कान्छो सङ्ग्रहका रूपमा 'बोध' कविता सङ्ग्रह हामीसामु उपस्थित हुँदैछ । यसमा चालिसवटा कविताहरू समेटिएका छन् । लोकलयमा बाँधिएका यी रचनाहरू एकसे एक लागे मलाई । मैले राम्रा रचना छान्ने जमर्को गरेँ । 'विछोडको पीडा', 'बैगुनी बानी', 'नबुझेका कुरा', 'बोध', आशङ्का', 'बाँच्न गाह्रो भो', 'कसले के पायो ?', 'पाइलाहरू', 'के भयो नेपाल ?', 'आफू', इच्छा', 'सबैको पीडा', 'भोगाई' ……… ।

सबै शीर्षकहरू लेखिएलान् जस्तो लाग्यो । यसबाट प्रकाशका संघारमा उभिएको प्रस्तुत सङ्ग्रहका कविताहरू सबै नै राम्रा छन् भन्ने बोध हुन्छ । त्यसो हुनाको मूल कारण यी रचनाहरू जीवनको अनुभूतिले पूर्ण छन्, जीवनवादी छन् । जीवनचेतनाको स्पर्श पाएपछि कवित्व चम्कन्छ, खुम्चँदैन । विष्णु सरले भोग्नुभएको लामो जीवन शृङ्खलामा प्राप्त भएका अनुभव र अनुभूतिलाई कवितात्मक रङ्ग भर्ने काम गरेर हामीलाई गुन लगाउनु भएको छ । कतै कवि अनि कतै जीवनवादी दार्शनिक बनेर उहाँ देखिनुभएको छ । उहाँको राष्ट्रवादी चेतनाले पनि हामीलाई संवेदनशील बनाउँछ । राष्ट्रको बेथितिप्रति उहाँमा चिन्ता छ । मातृभूमि छाडेर विदेसिएकाप्रति गुनासो छ । एकता र सहिष्णुताको आह्वान छ, बिखण्डन र हिंसावादी प्रवृत्तिको निन्दा छ । माटाको मायालाई मार्मिक ढङ्गले दर्साइएको छ । वियोग, व्यथामा आधारित शोभावका करूण कविताहरू पनि यहाँ छन् । राष्ट्र निर्माणको चाहना पनि छ । मानवीय व्यवहार समग्रमा बिग्रँदै गएकाप्रति, मूल्यह्रास हुँदै गएकाप्रति चासो देखाइएको छ । मानिसलाई आत्मचिन्तनमा केन्द्रित हुने सल्लाह दिइएको छ । जीवनको सालाखाला सिंहावलोकन गरिएका कवितामा कविको सूक्ष्म दृष्टिचेत पाइन्छ भने मानवका सकारात्मक-नकारात्मक दुबै पाटाहरूको उद्घाटन भएको भेटिन्छ । अनि जीवन सार्थकताका लागि अवलम्बन गर्नुपर्ने पद्धति वा मागको रूपरेखा कोर्ने काम पनि भएको छ । कर्मशील नबने जीवन चल्दैन, समय नचिने अस्तित्व रहँदैन भन्ने मुलभूत सन्देश प्रवाहित गरिएको यस सङ्ग्रहले

अधिकांश सवाई तथा अल्प रूपमा प्रयुक्त भ्याउरे लयमा लामाछोटा दुबैखाले कवित्व संरचनालाई प्रदर्शित गरेको छ । कविताहरू मूल्यवान् छन् । दृष्टान्तका लागि हामी केही नमुना हेर्न सक्छौँ :

मिठो बोली गरे सबै आफ्नो हुन सक्छन् ।
तीतो बोली गरे सबै छोडी अन्त हिँड्छन् ॥

**(समय चिनौँ)**

हात पाउ गलिसके पाकिसके केश ।
आफ्नै घर्को मजेरीमा लाग्न थाल्यो ठेस ॥

**(बेसहारा)**

मनभित्रका आशा पनि आँशु बनी पोखिएछ ।

**(पश्चाताप)**

जता हेर्छु दुःखै देख्छु सुख कतै छैन ।
सुख पाएँ भन्ने मान्छे आज कतै छैन ॥

**(पर्खाइ)**

बाहिर बत्ती बालेर भित्र उज्यालो हुँदैन ।
भित्रको बत्ती बालेमा कुनै अँध्यारो हुँदैन ॥

**(बुझेर खोजौँ)**

अरूलाई हँसाएर आफू पनि हाँस्न सिकौँ ।
अरूलाई बचाएर आफू पनि बाँच्न सिकौँ ॥

**(बानी)**

मिलेर बस्न खुलेर हाँस्न बिर्सिए सबैले ।
सबैले साझा धर्ती हो भन्ने बिर्सिए सबैले ॥

**(नबुझेका कुरा)**

आँसुको मूल्य पानीझैँ ठान्थेँ अमूल्य रहेछ ।
नबुझीकन आँसुको मूल्य जिन्दगी गएछ ॥

**(बोध)**

माटोले आज नपाई माया रोएझैं लाग्दछ ।
माटोको पीडा देखेर आज मुटु नै पाक्दछ ॥

**(माटो)**

आफ्नै छायाँ देखी डराई कति दिन भाग्ने ?

**(आफैँलाई नियालौँ)**

पाइन्न सुख बाहिर कतै भित्र छ लुकेको ।

**(मानिसको मूल्य)**

सबै स्वर दिन सक्ने कुनै यस्तो वीणा छैन ॥

**(भोगाइ)**

इच्छा पूरा नहुँदामा ज्ञानीहरू रुन्नन् ॥

**(आफूभित्रबाट)**

यस्ता धेरै उद्धरणहरू छन् यी सङ्ग्रहभित्र । जेहोस् मानवीय चेतनाले जीवनको व्याख्या वा चित्रण गरिएका कवितात्मक अभिव्यक्तिहरू सबैका लागि सहज सम्प्रेषणीय एवम् ज्ञानप्रद रहेका छन् । स्वाभाविक ढङ्गमा रोचक र प्रभावकारी कविता सृजनाहरू प्रस्तुत गरेर विष्णु सरले आफ्नो कवित्वचेतनालाई, राष्ट्रवादी भावनालाई एवम् मानवीय मूल्यलाई मूर्त रूप दिने जुन चेष्टा गर्नुभएको छ त्यसको मुरीमुरी प्रशंसा गर्दै आगामी दिनमा अझ उहाँको सृजना शक्ति प्रखर बन्दै जाओस् भन्ने कामनासाथ बिदा चाहन्छु ।

***धन्यवाद !***

२०७१ मङ्सिर २४

डा. शैलेन्दुप्रकाश नेपाल
वसुन्धरा, काठमाडौँ

# आफ्नै भनाइ

प्रत्येक बिहानीले नयाँ जीवनको बोध गराउँछ भने प्रत्येक साँझले जीवनको विश्रामको स्थितिलाई सङ्केत गर्दछ। यिनै साँझ र बिहानीको बिचमा रहेर जीवनले गरेका अनुभूतिहरूलाई कुनै न कुनै रूपमा व्यक्त गर्न हरकोहीले प्रयास गरेकै हुन्छ। भावना र अनुभूतिहरूलाई फरक-फरक शैलीबाट व्यक्त गरिएका हुन्छन्। आफूसँग जुन शैली छ त्यसैलाई माध्यम बनाएर व्यक्त गरिनु स्वाभाविक नै हो। जसरी फरक-फरक वाध्य वादनका साधनहरूलाई चलाउँदा निस्कने ध्वनि फरक फरक हुन्छ। त्यसरी नै प्रत्येक व्यक्तिबाट भिन्नाभिन्नै रूपमा भावना बाहिर निस्कनु अस्वाभाविक होइन। मैले आफ्ना भावनाहरू व्यक्त गर्ने माध्यमको रूपमा कवितालाई रोज्न पुगेको छु। आफूले जीवनमा भोगेका र कल्पनामा मेरा सामु उभिएका तस्बिरहरूलाई कलमले कापीमा उतार्दै जाँदा कतै तिता त कतै मिठा, कतै पीडादायक त कतै सुखदायी अनुभूति दिलाउने खालका छोटा कविताका सिर्जना हुन पुगेका हुन्। यहाँ जुनबेला जुन भावनाले प्रेरित गर्दछ त्यतिबेला त्यसलाई समेट्ने अभिप्रायबाट लेखिएका कविताहरू छन्। सामान्य पाठक वर्गले पनि बुझ्न सक्ने शब्द, र छन्दको प्रयोग गरिएका यी कविताहरू धेरै गहन छन् भन्न सकिने अवस्था पक्कै पनि पाठकहरूले ठान्नु हुन्न होला। जटिल, क्लिष्टभन्दा सरल भाषा प्रयोग गर्दा ठिक होला कि भन्ने मेरो धारणा पनि हो। सरलता मलाई मन पर्दछ। धेरैलाई मन नपर्न पनि सक्दछ। यसका लागि म क्षमा चाहन्छु।

कविताहरू छरिएर रहेका थिए । मलाई छाप्ने खासै विचार थिएन । एकदिन डा. विष्णुकुमार खत्रीज्यूले मेरा केही कविता पढ्नुभयो र पढेपछि यी कविता त्यसै राख्नु हुन्न पुस्तकको रूपमा निकाल्नु राम्रो हुन्छ भन्नुभयो । त्यसपछि कविता लेखिएका कागजहरूलाई जम्मा गरेर पुस्तकको रूपमा निकाल्ने प्रयास गरेको छु । डा. खत्रीले हौसला बढाइ दिनुभयो र सँगसँगै शुद्धाशुद्धि हेर्ने, पुस्तकको आकार र आवरणको स्वरूप तयार गर्न समेत सहयोग गर्नुभयो । उहाँको सहयोग नभएको भए सायद यो पुस्तक प्रकाशित हुने थिएन भन्दा अत्युक्ति नहोला । पुस्तकलाई गहिरिएर अध्ययन गरेर डा. शैलेन्दुप्रकाश नेपालज्यूले आफ्नो अमूल्य समय दिई विश्लेषणात्मक एवं गहन विचार सहितको भूमिका लेखिदिएर यस पुस्तकको गरिमा बढाइदिनु भएकोमा उहाँप्रति आभार प्रकट गर्दछु । राम्ररी टाइप गरी सहयोग गरिदिनुभएकोमा कालिदास पाण्डेज्यूलाई पनि धन्यवाद दिन चाहन्छु । मेरो भाइ चन्द्रप्रसाद पन्त, श्रीमती मञ्जु पन्त, छोरी श्रद्धा पन्तलाई सहयोगका लागि धन्यवाद दिन चाहन्छु । अन्तमा सम्पूर्ण शुभ चिन्तकहरू एवं पाठकज्यूहरूप्रति यो **'बोध'** नामक पुस्तक अर्पण गर्न चाहन्छु ।

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | विदेशमा बस्दा | १२ |
| २. | बिछोडको पीडा | १६ |
| ३. | टुट्दै गरेको आशा | १८ |
| ४. | समय चिनौँ | १९ |
| ५. | बेसहारा | २० |
| ६. | पश्चात्ताप | २१ |
| ७. | बैगुनी | २२ |
| ८. | स्वभाव | २३ |
| ९. | बाँच्दाखेरि | २४ |
| १०. | पर्खाइ | २५ |
| ११. | होस पुऱ्याऊँ | २६ |
| १२. | बुझेर खोजौँ | २७ |
| १३. | बानी | २८ |
| १४. | नबुझेका कुरा | २९ |
| १५. | बोध | ३२ |
| १६. | आमाको मुहार | ३३ |
| १७. | माटो | ३४ |
| १८. | शान्ति | ३५ |
| १९. | नाता | ३७ |
| २०. | आशङ्का | ३८ |
| २१. | बाँच्न गाह्रो भो | ३९ |
| २२. | बुझ्न गाह्रो भो | ४१ |

| | | |
|---|---|---|
| २३. | कस्ले के पायो ? | ४२ |
| २४. | पाइलाहरू | ४३ |
| २५. | के भयो नेपाल ? | ४४ |
| २६. | यथार्थको चित्रण | ४६ |
| २७. | भ्रम | ४८ |
| २८. | सोचपूर्ण प्रयास | ५० |
| २९. | भित्रको खोजी | ५१ |
| ३०. | नजान्दाको परिणाम | ५२ |
| ३१. | आफैलाई नियालौँ | ५३ |
| ३२. | आफू | ५४ |
| ३३. | इच्छा | ५५ |
| ३४. | नयाँ नेपाल | ५६ |
| ३५. | सबैको पीडा | ५७ |
| ३६. | मानिसको मूल्य | ५९ |
| ३७. | म र आँखा | ६० |
| ३८. | बानी सुधारौँ | ६१ |
| ३९. | भोगाइको अनुभूतिहरू | ६२ |
| ४०. | आफूभित्रबाट | ६५ |

# विदेशमा बस्दा

घरको दुःख मिटाउन भनी विदेश गइयो ।
आमाको काख छोड्दा आज टुहुरो पो भइयो ॥
सम्झेर घर रुँदै छु आमा के गर्नु रोएर ।
आउन फर्की सक्दिन आमा जागिर छोडेर ॥

कमाइ राम्रो देखाई लोभ विदेश पठाए ।
कम्पनी आफैं हुँदै छ धनी गरिब छकाए ॥
गरेर ऋण बुझाई पैसा विदेश आइयो ।
खट्नु छ धेरै गारो छ काम बिजोगै भइयो ॥

भनेको जति पाइन्न ज्याला बस्नु छ सहेर ।
खान र सुत्न पाइन्न धेरै गर्नु छ खटेर ॥
नगरे काम साहुले मार्छ बोलेको बुझिन्न ।
रिसाई हेर्छ तरेर आँखा भाषा नै बुझिन्न ॥

उठेको उठ्यै काम गर्नुपर्छ बस्न नै पाइन्न ।
दुखेर पाउ टेक्नु नै हुन्न सेक्न नै पाइन्न ॥
पिँडुला पनि सुनिन थाले के गरी हिंड्ने हो ?
नगरी काम सुख नै छैन के गरी गर्ने हो ?

घरको दुःख सम्झेर आज विदेश आइयो ।
लिएको ऋण अझै छ तिर्न काँ बस्न पाइयो ॥
आमाको माया घरको खाना सम्झन्छु बेसरी ।
दौतरीसँग बितेका दिन बिर्सनु कसरी ॥

गोठालो जाँदा पाएको मज्जा कहिल्यै पाइन्न ।
रुखमा बसी गाएको गीत बिर्सनै सकिन्न ॥
पाकेको फल टिपेर खाँदा क्या मिठो लाग्दथ्यो ।
वनमा घुमी घरमा जाँदा भोक पनि जाग्दथ्यो ॥

दशैं र तिहार च्यौसी र भैलो खेलियो बेसरी ।
घुमेर सारै रमाइलो भाको बिर्सने कसरी ॥
ती दिन आज सम्झिँदाखेरि कुँडिन्छ यो मन ।
के गर्नु आमा कर्मको खेल सुक्दै छ यो तन ॥

भोक र प्यास लागेको कुरा बुझ्दैन कसैले ।
शरीर सन्चो नभाको कुरा देख्दैन कसैले ॥
रातमा निद्रा लाग्दैन राम्रो शरीर दुखेर ।
फुर्सद कैल्ये हुँदैन आमा बस्दै छु सहेर ॥

जाडो र गर्मी सहनै पर्छ कठोर भएर ।
पाइन्न बस्न यस्तो भो भनी अटेर गरेर ॥
अर्काको देश आएको मान्छे हाँस्नु नै कसरी ।
आमाको काख छोडेर आएँ बाँच्नु नै कसरी ॥

घरको सधैँ आउँछ याद देश छ मुटुमा ।
गाउँ र बेसी सँगै छ मेरो माटो छ मुटुमा ॥
डोको र नाम्लो, कोदाली हलो अगाडि देखिन्छ ।
गाउँ र बेसी चौराली अनि भञ्ज्याङ भेटिन्छ ॥

सपनी पनि गाउँकै देख्छु खेत र बारीमा ।
रोपारहरू खेतमा देख्छु आफू चै आलीमा ॥
गाईको गोठ भैँसीको गोठ चाहारी हिँडेको ।
बाछा र पाडा डोराईकन गोठमा हिँडेको ॥

दुध र दही, मोही र नौनी कसरी खाइन्थ्यो ।
फल र फूल टिपेर खान सित्तैमा पाइन्थ्यो ॥
कसिला जिउ हँसिला मान्छे बाटामा भेटिन्थे ।
मिलेर सबै गर्दथे काम आशामा देखिन्थे ॥

धाराको चिसो पिएर पानी पियास मेट्दथे ।
प्रकृतिसँगै खेलेर सबै थकाइ मेट्दथे ॥
सम्भिन्छु आज ती मेरा साथी गाउँमा बसेका ।
आफन्तसँग बसेर सँगै खुसीले रमेका ॥

छोडेर आएँ आफन्तलाई कमाऊँ भनेर ।
बिर्सेर आएँ जन्मेको ठाउँ निठुरी बनेर ॥
पाइन काम स्वदेशभित्र पहुँच नहुँदा ।
पढेर मात्र पाइन काम आफन्त नहुँदा ॥

पहुँच हुने साथीले पाए गतिलो जागिर ।
पढाइभन्दा चाहिन्छ पहुँच पाउन जागिर ॥
जागिर खोज्दा पाएको दुःख भनूँ म कसरी ?
आमाले दुःख पाएको हेरी बसूँ म कसरी ?

घरको दुःख टार्नको लागि मुग्लान पसियो ।
भनेको जागिर नपाई यहाँ धापमै फसियो ॥
जसरी पनि बस्नु नै पर्छ जागिर खाएर ।
पाएको दुःख सहनै पर्छ हामीले आखिर ॥

बाध्यता परी विदेश आएँ गर्छु क्यै भनेर ।
गारो छ यहाँ गर्न चै काम बस्दै छु सहेर ॥
युवाको शक्ति जाँदै छ खेर विदेश गएर ।
देशले केही सोचेको छैन गम्भीर भएर ॥

बाँझिन थाले गाउँका बारी युवाको कमीले ।
आत्तिन थाले बुढा र बुढी आफ्नाको कमीले ॥
सन्तान सबै विदेश गई दुःखमा पर्दैछन् ।
स्याहारको कमी भएर पितृ घरैमा मर्दैछन् ॥

* * *

# बिछोडको पीडा

आज पनि हेर्दाहेर्दै थाकिसके आँखा ।
बटुवालाई गन्दागन्दै बिर्सिसकेँ भाका ॥
आउने भन्ने खबर सुन्दा खुसी भा को मन ।
हेर्दाहेर्दै घाम टल्दा किन रुन्छ किन ॥

बिसन्चोले गर्दा हो कि कारण पऱ्यो अरू ।
खोज्न कतै जाऊँ भने पा' छैन के गरूँ ॥
झुठो बोल्ने बानी छैन सधैँ साँचो बोल्ने ।
आज यस्तो हुँदाखेरि भित्री मनै पोल्ने ॥

छोटै काल सँगै हुँदा सबै थाहा भा' को ।
केही दिन टाढा हुँन किन यस्तो भा' को ॥
सँगै हुँदा ख्याल ख्याल्मै बिते हाम्रा दिन ।
आज भोलि टाढा हुँदा गारो भा' को किन ॥

यताउता घुम्दा उनकै झझल्को नै आउने ।
आफ्नो साथी साथ छैन कैले होला आउने ॥
अरूहरू सँगै देख्दा यो मन रुन्छ सारै ।
यो मनलाई सम्झाउन भयो मलाई गारै ॥

खान मन लाग्दैन क्यै निन्द्रा पनि छैन ।
जता हेर्छु उराठ लाग्छ रमाइलो नै छैन ॥
मेरो हाँसो कता गयो थाहा केही छैन ।
ओठ पनि सुकिसके बोल्न मन छैन ॥

सबै रहर मरिसके इच्छा केही छैन ।
मलाई अब संसारमा बाँच्ने मनै छैन ॥
रोईरोई बाँच्नुभन्दा मर्नु नै हो बेस ।
सबै कुरा छोडीकन फेर्छु अब भेष ॥

***

# टुट्दै गरेको आशा

टाढै जाने मन थ्यो मेरो नजिकमै थाकेँ ।
धेरै गर्ने मन थ्यो मेरो नगरेरै पाकेँ ॥

सबैलाई आफ्नै ठानेँ आफूजस्तै सोचेँ ।
सबैबाट न्यानो माया पाउने सपना देखेँ ॥

कस्तो दिन आयो आज आफू एक्लै भएँ ।
मलाई छोडी सबै साथी कताकता गए ॥

रातपछि अर्को दिन आउने नै छ भनी ।
जे भए नि बाँच्नै पर्ने दिनरात गनी ॥

कति लामो रात भयो उज्यालो नै हुन्न ।
आशारूपी किरणले मलाई किन छुन्न ?

# समय चिनौं

सोच्दासोच्दै केश फुल्ला दाँत पनि झर्ला ।
इच्छा पूरा गर्नलाई केही गर्नै पर्ला ॥

समयमा डुङ्गा चढे पारि पुग्न सक्छौं ।
ढिला भए वारिपट्टि अलपत्र पर्छौं ॥

ढिलो गरे हिलो पनि सुकि जान सक्छ ।
चन्द्रमाको मुहार पनि लुकि जान सक्छ ॥

मिठो बोली गरे सबै आफ्नो हुन सक्छन् ।
तीतो बोली गरे सबै छोडी अन्त हिँड्छन् ॥

भोलि गर्ने काम सबै आजै पुरा गरौं ।
सबै काम समयमै गर्न अघि सरौं ॥

***

# बेसहारा

जसले पनि छोडी जाने मलाई एक्लो पारी ।
किन दुःख दिन्छौ दैव मलाई घरिघरि ॥
कुन जन्मको पाप मैले भोग्नु पऱ्यो अहिले ।
कसको कसको बिछोडको पीडा खप्नु मैले ॥

मिलनभन्दा बिछोड धेरै हुन थाल्यो किन ।
बिछोडकै पीर बोकी हिँड्छु दिन दिन ॥
आँखा मेरा थाकिसके आँशु झारीझारी ।
छाति मेरो डढिसक्यो भित्रभित्र जली ॥

कस्तो रे छ भाग्य मेरो सधैँ दुःख खेप्ने ।
कोही छैनन् मेरो मनको पिरलाई देख्ने ॥
जाऊँ भने कहाँ जाऊँ कसले देला बास ।
यस बेलामा आज मैले कसको गरूँ आश ॥

हात पाउ गलिसके पाकिसके केश ।
आफ्नै घर्को मजेरीमा लाग्न थाल्यो ठेस ॥
सहाराको खाँचो पर्दा कोही छैनन् साथी ।
दिन पनि लाग्न थाल्यो औसीको झैँ राति ॥

***

# पश्चाताप

आफ्नै लास सजाउने कस्तो माला गाँसिएछ ।
आफैलाई जलाउने कस्तो आगो बालिएछ ॥
भित्र विष राख्नेसँग कस्तो माया गाँसिएछ ।
कल्यै निको नहुने रोग कहाँबाट टाँसिएछ ॥

बिच यात्रामै टुङ्गिने यो कस्तो बाटो रोजिएछ ।
केही दिनमै बिछोड हुने कस्तो साथी रोजिएछ ॥
हेर्दाहेर्दै झरिजाने कस्तो फूल रोपिएछ ।
गर्मी छँदै तुषारोले बोट सबै छोपिएछ ॥

माथि चढ्न खोज्दै गर्दा तलै मात्र झरिएछ ।
जिउँदै जस्तो लाग्थ्यो तर भित्रभित्रै मरिएछ ॥
आफूसँग भा' का वस्तु सबै सबै खोसिएछ ।
मनभित्रका आशा पनि आँशु बनी पोखिएछ ॥

***

# बैगुनी

तिमी रैछौ ठुलो मान्छे हामी पऱ्यौँ सानु
तिम्रा मनका सबै कुरा के गरेर जानू ॥
छिटै तातो-चिसो हुने तिम्रो रे छ गुन ।
त्यसैले त तिमीलाई डर लाग्छ छुन ॥

हामी हेर्छौं सबैलाई आफूजस्तै ठानी ।
फरक फरक हुँदै रैछ मानिसको बानी ॥
बाहिर यौटा कुरा गर्ने भित्र अर्कै राख्ने ।
आफ्नो स्वार्थ पुगेपछि आफ्नैलाई ताक्ने ॥

बैगुनीको बानी सधैँ यस्तै हुने गर्छ ।
आफ्नो लाभ हुने भए जेजे पनि गर्छ ॥
आफ्नै आमाबाबु छोडी अन्तैतिर सर्छ ।
केही दिनको सुख भोगी आफै दङ्ग पर्छ ॥

जस्ले गुन गऱ्यो उसको नामै बिर्सिदिन्छ ।
मौका मिल्यो भने उसको खल्ती काटिदिन्छ ॥
आफन्तको हत्या गर्न आफै अघि सर्ला ।
यस्ता निच काम गर्ने मान्छे कस्तो होला ?

***

# स्वभाव

लासमाथि कुल्ची हिँड्ने मान्छे म त हुँदै होइन ।
आमालाई बिर्सि हिँड्ने मान्छे म त हुँदै होइन ॥
साथीलाई छोडी हिँड्ने मान्छे म त हुँदै होइन ।
कसैको दिल् तोडी हिँड्ने मान्छे म त हुँदै होइन ॥

आत्तिएर हतारमा बाटो छोड्ने मान्छे होइन ।
नदी बढ्दा नाउ छोडी टाढा भाग्ने माझी होइन ॥
आँसु देख्दा हाँसी हिड्ने बानी भा' को मान्छे होइन ।
खाली डब्बाभरि सम्झी बाँची हिँड्ने मान्छे होइन ॥

नबुझेका कुरालाई बुझ्छु भन्ने मान्छे होइन ।
नदेखेका कुरालाई देखेँ भन्ने मान्छे होइन ॥
नबिर्सने सत्यलाई बिर्सें भन्ने मान्छे होइन ।
आफै मात्र जान्ने ठान्ने मान्छे म त हुँदै होइन ॥

मित्रताको गाँठोलाई तोडिहिँड्ने मान्छे होइन ।
काँडालाई फूल ठानी सिमी लाउने मान्छे होइन ॥
बगरलाई सागर ठानी त्यतै धाउने मान्छे होइन ।
गलतलाई सही पार्न बहस गर्ने मान्छे होइन ॥

* * *

# बाँच्दा खेरि

अरूको इच्छा पुऱ्याउने क्रममा जन्मको मान्छे यो
अरूकै इच्छा पुऱ्याउन हामी हाँसेर बाँच्ने हो ॥

लिएर होइन दिएर बाँचौं मजा छ त्यसैमा
फुटेर होइन मिलेर बसौं आमाको काखैमा ॥

बोलेर होइन गरेर देखाऔं शक्ति छ साथैमा
अरूको पछि लागेर होइन सीप खोजौं हातैमा ॥

अरूलाई पीडा दिएर बाँच्ने प्रयासै नगरौं
अरूको दुःख देखेर हाँस्ने मनसाय नगरौं ॥

* * *

# पर्खाइ

कैलेसम्म पर्खिबस्ने पालो आउला भनी
जीवन पुरै बित्न लाग्यो दिन गनी गनी ।
सधैँ लाग्ने सूर्य पनि धमिलोभैँ लाग्छ
आफन्तको बोली पनि अमिलोभैँ लाग्छ ॥

जता हेर्छु दुःखै देख्छु सुख कतै छैन ।
सुख पाएँ भन्ने मान्छे आज कतै छैन ॥
किन जन्म दियौ दैव दुःख दिनलाई ।
बाँच्ने यहाँ मनै छैन दुःख पाईपाई ॥

प्राणीलाई सुख हुने मार्ग खोलिदेऊ ।
हाम्रो पनि मन बुभ्ने वाक्य बोलिदेऊ ॥
सुख प्राप्ति होला भनी दुःख सही बस्छन् ।
त्यसैले त प्राणीहरू मोह जालमा फस्छन् ॥

***

# होस पुऱ्याऊ

आफैँलाई चिन्न पनि सारै गाह्रो हुँदो रैछ ।
कैलेकाहीँ पानी पनि निल्न गाह्रो हुँदो रैछ ॥
यौटै भूमि नदी बग्दा दुई किनारा हुँदो रैछ ।
आफन्तले पीडा दिँदा मुटु साह्रै रुँदो रैछ ॥

बेहोसमा हिँड्दाखेरि सबै ठाउँ सम्म लाग्छ ।
रित्तिएको वस्तु पनि उसको लागि टम्म लाग्छ ॥
आफ्नो-अर्को छुट्याउने शक्ति पनि उसमा हुन्न ।
त्यसैले त बेहोसमा बस्ने गर्नु राम्रो हुन्न ॥

नहुनेले अलिकति पाउँदा साह्रै खुसी हुन्छ ।
अलि धेरै पायो भने ऊ त छिटै बिग्रिदिन्छ ॥
जसले जति बोक्न सक्छ त्यतिमात्र दिनुपर्छ ।
यसको लागि दिने स्वयं जिम्मेवार बन्नुपर्छ ॥

मात्तिएर वेहोस हुने मान्छेहरू धेरै हुन्छन् ।
त्यसैले त यस्ता मान्छे मासिएर तल पुग्छन् ॥
यस्ता मान्छे आजभोलि आफैलाई ठूलो ठान्छन् ।
भेटे जति सबै कुरा आफैतिर यिनले तान्छन् ॥

अरूलाई धक्का दिँदै आफू अघि बढ्ने गर्छन् ।
दबाएर अरूलाई आफूचाहिँ दङ्ग पर्छन् ॥
गलतको पक्ष लिँदै वकालत गर्ने गर्छन् ।
आवश्यक पर्‍यो भने सबैतिर नोट छर्छन् ॥

***

# बुझेर खोजौँ

बगेर जाने खोलाको पानी थुनेर थुनिन्न ।
पीडाले बग्ने आँखाको आँसु पुछेर पुछिन्न ॥
आमाको पीडा उनैले बुझ्छिन् अरूले बुझ्दैन ।
दुःखीको दुःख उसैले बुझ्छ अरूले बुझ्दैन ॥

पाकेको फल भुइँमा झर्छन् बोटमा अड्दैनन् ।
थाकेको मान्छे फेदिमै बस्छन् उकालो चढ्दैनन् ॥
आँखामा कालो लगाए चस्मा कालो नै देखिन्छ ।
आफूमा जे छ अरूमा पनि त्यस्तो नै भेटिन्छ ॥

संसारभित्र जे पनि हुन्छ खोजेमा भेटिन्छ ।
उद्देश्य राम्रो लिएर खोज्दा अवश्य भेटिन्छ ॥
अगाडि बढ्ने मान्छेले सधैँ अगाडि हेर्दछ ।
सोचेको लक्ष्य पुऱ्याएपछि थकाइ मेट्दछ ॥

वृक्षको फल टिप्नका लागि चुँड्नु नै पर्दछ ।
नगरी काम पाइन्न केही गर्नु नै पर्दछ ॥
बाहिर बत्ती बालेर भित्र उज्यालो हुँदैन ।
भित्रको बत्ती बालेमा कुनै अँध्यारो हुँदैन ॥

***

# बानी

अरूमाथि आश्रित भई बाँच्ने बानी हाम्रो छैन ।
काखिमुनि हात राखी बस्ने बानी राम्रो होइन ॥
सबैलाई आफ्नो ठानी हेर्ने बानी गर्नुपर्छ ।
आफैँभित्र सबैलाई राख्न सक्ने बन्नुपर्छ ॥

छातीलाई फराकिलो पार्न सक्ने हुनुपर्छ ।
जति दुःख परे पनि टार्न सक्ने हुनुपर्छ ॥
पढी सिङ्गै संसारलाई हाँक्न सक्ने हुनुपर्छ ।
आकाशको पारिसम्म छाम्न सक्ने हुनुपर्छ ॥

आफूभित्र भा' को शक्ति चिन्न सक्ने हुनै पर्छ ।
सबैथरि प्राणीसँग मिल्न सक्ने हुनै पर्छ ॥
अरूलाई सानो ठान्ने बानी सबले त्याग्नै पर्छ ।
आफैँलाई ठूलो ठान्दा धेरै दुःख आइपर्छ ॥

अरूलाई हँसाएर आफू पनि हाँस्न सिकौँ ।
अरूलाई बचाएर आफू पनि बाँच्न सिकौँ ॥
दिन छँदै रातका लागि चाहिने वस्तु खोजिराखौँ ।
अँध्यारोमा पाउने पीडा उज्यालोमै सोची राखौँ ॥

# नबुझेका कुरा

आफूले गल्ती गरेको दोष अरूमा थुपार्छौं ।
आफू चैँ सधैँ भएर ठूलो अरूलाई हपार्छौं ॥
निधार्मा कालो लागेको छ कि ऐना चैँ हेर्दैनौ ।
पवित्र मनले दिएको अर्ती पटक्कै टेर्दैनौ ।

अरूको कुरा धुतेर लिन्छौ आफ्नो चैँ भन्दैनौ ।
आफू चैँ सधैँ भाषण दिन्छौ अरूको सुन्दैनौ ॥
अरूको गुण देख्दैनौ किन दोष मात्र देख्दछौ ।
अरूले राम्रो काम गर्न थाले बाटो नै छेक्दछौ ॥

अरूको खुट्टा तान्दा हामी तल पो पर्दछौँ ।
अरूको हात समाती ताने माथि पो पर्दछौँ ।
अरूको गल्ती केलाई हेर्छौं आफ्नो चैँ हेर्दैनौँ ।
अरूलाई खुबै अह्राई हिँड्छौँ आफू चैँ टेर्दैनौँ ॥

सुनेर होइन हेरेर बोल्ने बानी पो बसालौँ ।
बोलेर होइन गरेर छाड्ने स्थिति यो बसालौँ ॥
अरूको दुःख देखेर हाँस्ने नगरौँ कहिल्यै ।
कसैमा यस्तो भएमा बानी त्यागिदिऔँ अहिल्यै ॥

मिलेर बस्न खुलेर हाँस्न बिर्सिए सबैले ।
सबैले साझा धर्ती हो भन्ने बिर्सिए सबैले ॥
सबैको हात भएमा साथ नहुने के छ र ?
हँसिलोसँग प्रेमले बोले नपुग्ने के छ र ?

हिमालको शिखर नजिकै हुन्छ निरन्तर चढेमा ।
सागरको मोती आँगनमै हुन्छ अठोट गरेमा ॥
टाढाको यात्रा नजिकझैँ लाग्छ तागत भएमा ।
पराया पनि आफ्नाझैँ लाग्छ विश्वास भएमा ॥

# बोध

पवित्र ठानी  पिएको पानी धमिलो परेछ ।
गुलियो ठानी लिएथेँ छानी अमिलो परेछ ॥

आफन्त ठानी बताएँ बानी गल्ती पो भएछ ।
सुनझैँ ठानी लिएथेँ छानी पित्तल पो परेछ ॥

समथर ठानी राखेको पाउ खाल्टोमा परेछ ।
शिरमा सजाई राखेको फूल फोहरमा झरेछ ॥

आँसुको मूल्य पानीझैँ ठान्थेँ अमूल्य रहेछ ।
नबुझीकन आँसुको मूल्य जिन्दगी गएछ ॥

अरूमा आफू नभेटेसम्म आफू को चिनिन्नँ ।
आफू को भन्ने नचिनेसम्म मानिस नै भइन्नँ ॥

***

# आमाको मुहार

आमा तिम्रो देह अब जीर्ण भएछ ।
सन्तानलाई काखमा लिने शक्ति गएछ ॥
शरीरको ताप पनि घट्दै गएछ ।
तातो जिउ अब तिम्रो चिसो भएछ ॥

हेर्दाहेर्दै तिम्रो मुहार चाउरी परेछ ।
कालो कालो केश पनि सेतो भएछ ॥
मुहारको रङ्ग तिम्रो कता गएछ ।
आमा तिम्रो देह अब जीर्ण भएछ ॥

काम गर्ने छोराछोरी अन्त गएर ।
दिक्क मानी बस्छ्यौ तिमी एक्लै भएर ॥
फर्की आउने दिन गनी बाटो हेर्दै छ्यौ ।
सुख पाउने आशा बोकी सास फेर्दै छ्यौ ॥

घामसँगै ढल्छ तिम्रो मुहारको रङ्ग ।
रातपछि दिन देख्दा तिमी हुन्छ्यौ दङ्ग ॥
यसै गरी तिम्रो दिन बित्ने भएछ ।
आमा तिम्रो देह अब जीर्ण भएछ ॥

# माटो

जरामा शक्ति सकिएपछि रुख अड्न सक्दैन ।
जराले खुराक दिएन भने रुख बढ्न सक्दैन ॥

माटोले आज नपाई माया रोएझैँ लाग्दछ ।
माटोको पीडा देखेर आज मुटु नै पाक्दछ ॥

यो सृष्टि भयो यै माटोबाट बाँच्नु छ यसैमा ।
जीवनलीला सकिएपछि मिल्नु छ यसैमा ॥

यी सबै कुरा बुझेर पनि के गर्छ मानव ?
आमाको छाती कुल्चेर हिँड्ने मान्छे भो दानब ॥

***

# शान्ति

कति बस्नु पर्खिएर कति हेर्नु बाटो ।
जिन्दगी नै बित्न लाग्यो आऊ न तिमी चाँडो ॥

उदाउँदो सूर्य पनि हेर्न छोडिसकें ।
उत्साहको श्वास पनि फेर्न छोडी सकें ॥

कोइलीको बोली सुन्दा झर्को लाग्न थाल्यो ।
जन्मिएको ठाउँ पनि अर्को लाग्न थाल्यो ॥

हेर्दाहेर्दै चौतारीका वरपिपलै ढले ।
बगैँचाका फूलहरू कोपिलामै झरे ॥

काम गर्न विदेश गा' का युवा कति मरे ।
सन्तानको पिर्ले गर्दा वृद्धा घरमै मरे ॥

शङ्ख घण्ट बज्न छोडी मन्दिर भए खाली ।
बगैँचामा झार उम्रे छैनन् कतै माली ॥

लुटपाट बढ्दै गयो सहर बजारभित्र ।
सबैजना शत्रुझैँ छन्, छैनन् कोही मित्र ॥

मानिसको मुहारमा हाँसो देखिँदैन ।
कामप्रति मानिसको चासो देखिँदैन ॥

निराशाले सबैलाई ढाकेजस्तो लाग्छ ।
किन होला सबैजना थाके जस्तो लाग्छ ॥

प्रतीक्षामा सबैजना बसेजस्तो लाग्छ ।
तिम्रो बाटो हेरीहेरी पर्खेजस्तो लाग्छ ॥

रिसाएर किन तिमी टाढा बसेकी छ्यौ ।
सबैलाई रुवाएर किन हाँसेकी छौ ॥

छिटै फर्की आऊ न शान्ति घर सम्झिएर ।
हाम्रा गल्ती भुललाई माफ गरिदिएर ॥

तिमी आउन ढिला गरे सबै हुन्छ नाश ।
छिटै तिमी आए यहाँ सबले पाउँछन बास ॥

बिन्ती हाम्रो सुनी तिमी छिटै घर आऊ ।
सबै मिली काम गर्छौं शान्ति छिटै आऊ ॥

* * *

# नाता

आमा र बुबा, दाजु र भाइ, दिदी र बहिनी
छोरा र छोरी, भान्जा र भान्जी, साथी र सँगिनी ॥

यी कति नाता जोडेर हामी जालोमा अड्केर
तिनैका नाम सम्झेर बस्छौं अरूलाई तोडेर ॥

दुस्मनी गर्छौं अरूको साथ पराइ ठानेर
कठोर बनी व्यवहार गर्छौं फरक जानेर ॥

आफ्नो र अर्को फरक ठाने दुःखमा परिन्छ
समान ठानी व्यवहार गरे सुवास छरिन्छ ॥

सबैको साथ पाएर बाँच्नु संसारमा राम्रो छ
साझा हो विश्व ठानेर बाँच्नु सारै नै राम्रो छ ॥

कसैले पनि लाँदैन केही छोडेर जाने हो
सबैको साथ लाएको नाता तोडेर जाने हो ॥

दुःख र सुख भोग्नु नै पर्छ अन्तिम क्षणसम्म
आएको आँशु पुछ्नु नै पर्छ सम्झेको दिनसम्म ॥

***

# आशङ्का

कलिलो बोटमा कोपिला लाग्यो कसरी फुल्ने हो
हावाले हान्दा बोट नै हल्ली कता त्यो झुल्ने हो ॥

नफक्रीकनै कोपिला त्यसै सुकेर जान्छ कि ?
भमरा आई निठुरी बनी लुछेर लान्छ कि ?

संहाली राख्न गारो छ फूल बोटमा फुलेर
हाँसेर बाँच्न गारो छ धेरै हाँगामा झुलेर ॥

फूलमा रस देखेर धेरै लोभिन थाल्दछन्
रसका लागि कतिले ज्यान खेर नै फाल्दछन् ॥

पक्रेको फूल सबैको लागि आँखैमा बस्दछ
नमानी लाज पुतली पनि उसैमा बस्दछ ॥

बोझले गर्दा फुलेको बोट भुईंमा लत्रिन्छ
सहेर दुःख उठाई शिर हाँसेर फक्रिन्छ ॥

जाडो र गर्मी सहेर पनि आफैंमा हाँसेर ।
प्रकृतिलाई लिएर साथ दुःखैमा बाँचेर ॥

# बाँच्न गाह्रो भो

प्राणीमा उच्च मानिस ठान्थ्यौँ,
कसरी उच्च भो ?
गरेका कार्य राम्ररी हेरे
सबैले बुझ्छ यो ।

जे गर्न पनि मानिस आज
स्वतन्त्र देखिन्छ ।
नगर्ने काम गरेका मान्छे
प्रशस्तै भेटिन्छ ॥

कसैले पनि रोक्दैन आज
उपद्रो गर्नलाई ।
नटेरीकनै सबैथोक गर्ने
गतिलो बन्नलाई !

जनावरभन्दा नीच हुन लाग्यो
आजको मानिस ।
धर्म र पाप नचिन्ने भयो
हे दैव मानिस !

सङ्गत गर्न डर लाग्न थाल्यो
देखेर मानिस ।
विश्वास गर्न नहुने भयो
के भयो मानिस !

आमा र छोरी दिदी र बहिनी
कसरी बाँच्ने हो ।
इज्जत उनको कसले राख्ने
सबैको चिन्ता भो ॥

बिहान उठी हिँडेको मान्छे
साँझमा फर्किन्न ।
जे गरे पनि हुने नै भयो
सम्हाल्न सकिन्न ॥

लोभी र पापी मानिस भए
धर्मको अन्त्य भो ।
मानिस भई बाँच्नका लागि
साह्रै नै गारो भो !

***

# बुझ्न गाह्रो भो

औँसीमा जून खोजेझैँ किन घुमेर खोज्दै छौ ।
बितेको दिन सम्झेर किन समय फाल्दै छौ ॥

बुझेर पनि नबुझे जस्तै गरेको किन हो ?
जानेका कुरा बिर्सेझैँ गर्छौ तिमीमा के भयो ॥

चिनेकालाई नचिने जस्तो गरेको किन हो ?
तिमीमा यस्तो भएको के हो ? बुझ्ननै गाह्रो भो ॥

हाँसेर बोल्ने मुहार तिम्रो मलिन देखिन्छ ।
शरीर पनि किन हो ? धेरै थाकेझैँ देखिन्छ ॥

के भयो भन तिमीलाई आज नढाँटी मलाई ।
देखेर तिम्रो अवस्था यस्तो पीडा भो मलाई ॥

***

# कसले के पायो ?

दाजु र भाइ फुटाइ हिँड्दा कसले के पायो ?
आमा र दिदी रोएको देख्दा मनमा के छायो ?

देशका युवा विदेश जाँदा देशले के पायो ?
फर्केर आ को युवाले आज साथमा के ल्यायो ?

नदीको पानी फोहोर पार्ने नगरले के पायो ?
घरको फोहर सडकमा फाल्ने मान्छेमा के आयो ?

गुरुमा कालो दलेर हिँड्ने चेलाले के पायो ?
चेलीको हात थामेर हिँड्ने गुरुमा के आयो ?

अर्काको धन लुटेर लिने मान्छेले के पायो ?
दुधको स्वाद रक्सीमा खोज्ने मान्छेले के खायो ?

आमाको वस्त्र च्यातेर हिँड्ने छोराले के पायो ?
बाबुको नाक तोडेर हिँड्ने छोरीमा के आयो ?

अर्काको दिल दुखाई लेख्ने लेखकले के पायो ?
अर्काको सुख देखेर जल्ने मान्छेले के पायो ?

***

# पाइलाहरू

ठिक बाटो चुन्यौँ भने सही ठाउँमा पुग्छौ ।
गलत बाटो हिड्यौँ भने कहाँ पुग्छौ पुग्छौ ॥

ठिक बेठिक छुट्याएर मात्रै हिँड्ने गरौँ ।
सही सोच बनाएर मात्रै अघि बढौँ ॥

समयमै हिँड्नेहरू पुग्छन कता कता ।
एकै ठाउँमा बस्नेहरू गर्छन् यताउता ॥

सही ठाउँ हेरी मात्र पाइला राख्ने गरौँ ।
एउटा पाइला टेकेपछि अर्को पाइला सारौँ ॥

पर पर हेर्दै हिँड्दा वर नै पो के हुन्छ ।
नजिकमा नै ठेस लागे पर परै हुन्छ ॥

हिँड्दा सधैँ नजिक हेरौँ टाढा पुग्ने सोचौँ ।
सिधा बाटो रोज्ने गरौँ चाँडै पुग्न खोजौँ ॥

सानातिना अवरोधलाई तोडी पछि पारौँ ।
आई पर्ने बाधालाई साहसले नै टारौँ ॥

# के भयो नेपाल ?

विश्वमा राम्रो नेपाल हाम्रो बिग्रेर जाने भो ।
विश्वको सामु नेपालको शिर झुकेर जाने भो ॥

बुद्ध र सीता जन्मेको देश वीभत्स बन्ने भो ।
विश्वको सामु चम्केको देश अँध्यारो बन्ने भो ॥

मिलेर बस्ने नेपालीहरू झगडा गर्दै छन् ।
विभिन्नथरि बाहना गरी विभाजित हुँदै छन् ॥

पाकेको फल बाँडेर खान्थे हाँसेर बस्दथे ।
चाड र पर्व मिलेर मान्थे खुसीले रम्दथे ॥

हातमा हात मिलाई सबै कामहरू गर्दथे ।
खेतबारी सबै मिलेर खन्थे बिउ पनि छर्दथे ॥

हलो र गोरु सबैको साझा भएझैँ लाग्दथ्यो ।
दुःख र सुख सबैको यौटै भएझैँ लाग्दथ्यो ॥

तराई हिमाल थिएन विवाद समानझैँ लाग्दथ्यो ।
सबैको साझा पहाड थियो वागझैँ लाग्दथ्यो ॥

सबैको साझा दोहोरी भाका सबतिर गाइन्थ्यो ।
तराई हिमाल मिलेर सधैँ मितेरी लाइन्थ्यो ॥

साटेर लाने बाँडेर खाने जीवन थ्यो सजिलो ।
सरल बोल्ने सहज मान्ने हृदय रसिलो ॥

अरूको आँखा लागेर हो कि बिग्रियो नेपाल ।
हे दैव अब सम्हाल छिटै तिम्रो यो नेपाल ॥

नेपाली सबै सन्तान तिम्रा दुःखमा पर्दै छन् ।
बचाऊ अब सन्तानलाई पुकार गर्दै छन् ॥

सद्‌बुद्धि देऊ सन्तानलाई बचाऊ नेपाल ।
रसिलो बनाऊ तराई पहाड हँसाऊ हिमाल ॥

***

# यथार्थको चित्रण

जातजातिको झगडाले सद्भाव खल्बलियो ।
दलहरूको हावापनले विकास अल्मलियो ॥

विकासको नाम लिन्छन् आफ्नै पोल्टो भर्छन् ।
सत्ता शक्ति हात पार्न मरिहत्ते गर्छन् ॥

कानुनको पर्खाल नाघी जतासुकै झर्छन् ।
आफ्नो अर्को विभेद गरी न्याय दिने गर्छन् ॥

जानीजानी अन्याय र अत्याचार गर्छन् ।
भ्रष्टाचार र कमिसनको सधैँ खेती गर्छन् ॥

टाठाबाठा फड्की हाल्छन् सोझा जति पर्छन् ।
सोझाहरू जेलमा परे भित्रभित्रै मर्छन् ॥

लुटपाट र अपहरण उद्योग जस्तै भा' छ ।
व्यवसाय गर्ने जनको सातोपुत्लो गा' छ ॥

पत्रकारको असुरक्षा जतासुकै भा छ ।
लेख्न बोल्न नपाइने नौलो युग आ छ ॥

सत्तल पाटी भत्कँदै छन्, रक्षा गर्ने छैनन् ।
आफ्नो ठानी हेरविचार गर्ने कोही छैनन् ॥

कस्तो भयो देश आज कसले हेर्ने होला ।
कुन दैवले फेरिदेला हाम्रो देशको चोला ?

# भ्रम

कसैप्रति माया मोह छैन मलाई अब ।
हे ईश्वर केही दोष दिन्न तँलाई अब ॥
आफ्नो-अर्को भन्दाभन्दै बितिगयो दिन ।
सधैँभरि भुलाएर राख्छौ मलाई किन ?

सक्नै लागेँ जीवन मैले होस आउने कैले ?
चारैतिर हेर्दै छु म नियालेर ऐले ।
जता हेर्छु उतै देख्छु सिर्फ घामछायाँ ।
बाँच्ने आधार ठान्थेँ तर भ्रम पो रैछ माया ॥

सबैलाई आफ्नै ठान्थेँ आफूजस्तै हेर्थेँ ।
सुखदुःख बाँड्दै बाँच्ने प्रण पनि गर्थेँ ॥
अर्को मान्छे रुँदा मेरा आँखा भरिदिन्थ्यो ।
दुःख पीडा हेर्दाहेर्दै मन मेरो रून्थ्यो ॥

आज मलाई दुःख पर्दा सबै कता गए ।
हिजो आफ्नै ठान्ने मान्छे परायाझैँ भए ॥
मान्छे कति स्वार्थी रैछ आज चाल पाएँ ।
मान्छेदेखि टाढै बस्ने मैले कसम खाएँ ॥

कति बाँडेँ आफ्ना वस्तु अरूलाई मैले ।
मेरा लागि कोही कसैले दिँदैनन ए कैले ॥
पाएसम्म लिने काम गर्दो रैछ मान्छे ।
दिनुपर्दा भागिहिँड्ने गर्दो रैछ मान्छे ॥

दिन रात सँगै बस्ने आफ्नै मान्छे पनि ।
किन किन टाढा भए आज भोलि उनी ॥
हाँसी खेली बस्ने मान्छे किन भए टाढा ?
उनको हाम्रो सम्बन्ध नै कति रैछ गाढा ?

भैगो अब बिर्सिदिन्छु आफ्ना सबैलाई ।
मलाई पनि बिर्सिदिनु दिदी दाजुभाइ ॥
गल्ती भए जिन्दगीमा माफ गरिदिनू ।
दैव तिम्ले मेरो हिसाब साफ गरिदिनू ॥

***

# सोचपूर्ण प्रयास

सबैले सबै पाउन खोजे केही पनि पाइन्न ।
केही कुरा मात्र खोजे निरास होइन्न ।

अरूलाई आफ्नो बनाउन खोजे बनाउन सकिन्छ ।
आफ्नालाई बनाउन खोजे असफल भइन्छ ॥

नजिक हेर्दै हिँडेमा पक्कै लक्ष्यमा पुगिन्छ ।
टाढाको बिन्दु नजिक आई आफैँमा टुङ्गिन्छ ॥

व्यापक सोच राखेर हिँडौँ अगाडि बढ्नलाई ।
बिन्दुमा केन्द्रित भएर हेरौँ सफल बन्नलाई ॥

* * *

# मित्रको खोजी

भित्रबाट बाहिर हेर्दा सबै देखिन्छ ।
बाहिरबाट भित्र हेर्दा केही देखिन्न ॥

भित्र हेर्न भित्रै पसी खोज्नु पर्दछ ।
त्यसैले त भित्र पस्न ढोका खोज्नु छ ॥

भित्र पस्ने ढोका खोज्न निकै गाह्रो छ ।
कोसिस गरे प्राप्त गर्न के नै साह्रो छ ॥

आजैबाट थालेमात्र खोज्न सकिन्छ ।
ढिलो गरे त्यसै हाम्रो जीवन सकिन्छ ॥

* * *

# नजान्दाको परिणाम

झरेर जाने फूलले पनि फुल्न चैँ छाड्दैनन् ।
मरेर जाने प्राणीले पनि जन्माउन छाड्दैनन् ॥

छोडेर जाने वस्तुलाई पनि थुपार्न छाड्दैनन् ।
तोडेर जाने नातालाई पनि लगाउन छाड्दैनन् ॥

अर्काको वस्तु जानेर पनि समाउन छाड्दैनन् ।
व्यर्थ हो भन्ने बुझेर पनि कमाउन छाड्दैनन् ॥

जिन्दगी आफ्नो बुझेर पनि बिताउन जान्दैनन् ।
आनन्द लिन चाहन्छन् तर लिन चैँ जान्दैनन् ॥

# आफैँलाई नियालौँ

पछ्यौरीले मुहार छोप्दै किन रुन्छ्यौ तिमी ?
आफैँबाट टाढा भाग्दै किन हिँड्छ्यौ तिमी ?

आफैबाट गल्ती कतै भा' को छ कि तिम्रो ?
कतैबाट चित्त दुख्दै आ' को छ कि तिम्रो ?

आफैभित्र दुःखलाई छोपी किन राख्ने ?
आफ्नै छायाँ देखी डराई कति दिन भाग्ने ?

दुःखलाई बाँड्दै गरे बोझ घट्दै जान्छ ।
दबाएर राख्न खोजे ज्यानै पनि लान्छ ॥

त्यसैले म बिन्ती गर्छु अब हाँस्न थाल ।
आफ्नो दुःख अरूसँग मिली बाँड्न थाल ॥

***

# आफू

आफू बाँच्दा संसार नै बाँचे जस्तो लाग्छ ।
आफू हाँस्दा संसारले हाँसेजस्तो लाग्छ ॥

आफूलाई खुसी राख्न आफैँ लाग्नु पर्छ ।
आफूभित्र भा को विकार सबै त्याग्नु पर्छ ॥

मुस्कानसँग मिठो बोली मिसाएर बोलौँ ।
मनभित्रका पीडादायी गाँठा सबै खोलौँ ॥

बाटो छोडी जतासुकै अब हिँड्न छाडौँ ।
शिखरमाथि पुग्छौँ भनी अठोट अब गरौँ ॥

***

# इच्छा

सोचेर मात्रै बसेमा यहाँ केही पनि पाइन्न ।
नसोचीकनै गरेमा काम ठिक फल पाइन्न ॥

अरूको ईर्ष्या गरेर हिँड्दा पछाडि परिन्छ ।
अरूको हानी पुर्‍याउन खोजे खाल्डोमा परिन्छ ॥

सबैको हित सोचेर बाँचौं आफन्त ठानेर ।
सबैमा यौटै रगत छ भन्ने मनमा जानेर ॥

आफ्नो र अर्को नगरौं भेद नसोचौं फरक ।
भ्रम हो हाम्रो फरक सोच्नु अज्ञान फगत ॥

भोक र प्यास मेट्नका लागि झगडा गर्दछौं ।
अरूको वस्तु प्राप्तिका लागि मार्छौं र मर्दछौं ॥

कतिले पुग्छ मानिसलाई समेट्ने कति हो ।
जसरी पनि थुपार्नु पर्ने बानी यो अति भो ॥

कहिल्यै पुरा नहुने इच्छा राख्नु नै व्यर्थ हो ।
पुर्‍याउन इच्छा जे पनि गर्ने मानिस पागल हो ॥

# नयाँ नेपाल

प्रकृतिमाथि विकृति थप्ने काम हामी गर्दै छौं ।
सभ्यता त्यागी असभ्य बन्ने प्रयास गर्दै छौं ॥

नेपाल नयाँ बनाउने हाम्रो कस्तो छ योजना ?
गाउँका सोझा जनता आज माग्दै छन् सूचना ॥

कल्पना हामी गर्दै छौं आज कुन नयाँ नेपालको ?
सपना हामी बाँड्दै छौ आज कुन नयाँ नेपालको ?

सकिँदै गए झुक्याउने दिन बुझ्दै छन् सबैले ।
एकदिन पक्कै उठ्नेछन् सबै रोक्दैन कसैले ॥

बनाउन सके सुन्दर नेपाल सबैले हेर्नेछन् ।
प्रकृति पनि भएर खुसी मुहार फेर्नेछन् ॥

# सबैको पीडा

मानिसले दुःख भोग्नु नै पर्छ लेखेर ल्याएको ।
बाँडेर पनि सकिन्न बाँड्न जन्मदै ल्याएको ॥
कुन बेला कस्तो आपत्ति आउँछ को भन्न सक्छ र ?
जीवनमा कति भोगिन्छ दुःख को गन्न सक्छ र ?

अनेकौं दुःख झेलेर पनि हाँसेरै बाँचेको ।
बिहानदेखि बेलुकासम्म देखिन्थ्यो नाचेको ॥
गरेर श्रम बाँचेको मान्छे बिरामी परिगो ।
साहस बोकी हिँडेको थियो अन्त्यमा ढलिगो ॥

बालक छोरो पाकेकी आमा रूँदै छन् घरमा ।
पत्नीले आँसु झारेर हिँड्छिन् सधैं नै काममा ॥
साँझमा छोरो घरमा पस्छ बाबालाई सम्झेर ।
मनमा गाठो पारेर बस्छ आमालाई हेरेर ॥

कहालिलाग्दो रातले चेप्दा गारो भो सहन ।
आमा र छोरा रोएर बस्थे गरेर गन्थन ॥
भोक र प्यास भएन थाहा दिन रात बितेको ।
बिहान हुँदा तकिया हुन्थ्यो आँसुले भिजेको ॥

पाकेकी आमा सम्झेर दैव रात कति बिताइन् ?
रातमा सधैं रोएर उनले के कति निदाइन् ?
लागेन घाम आँगनमा उनको दुःख त्यो देखेर ।
गारो भो बाँच्न आमाका लागि पीडा नै सहेर ॥

बितेको मान्छे बाँचेर आयो दैवको कृपाले ।
के गर्नु पर्छ गर है दैव स्वयंको इच्छाले ॥
धेरैले गरे कामना बाँच्ने बचायौ तिमीले ।
जे गर्न सक्यौं गरेझैं लाग्छ मिलेर हामीले ॥

***

# मानिसको मूल्य

संसारमा कस्तो साह्रै नै सस्तो मानिस भएछ ।
विवेक र ज्ञान भएर कमी यस्तो यो भएछ ॥

अज्ञानी मान्छे भएर आज भौँतारी हिँड्दै छ ।
कुकर्म गर्दा पाएर दुःख तल यो गिर्दै छ ॥

सुन्दैन कुरा अरूको यस्तो एकोरो भएछ ।
सुखको खोजी गरेर हिँड्दा दुःखमा परेछ ॥

पाइन्न सुख बाहिर कतै भित्र छ लुकेको ।
प्रयास गरे भेटिन्छ सुख आफैँमा लुकेको ॥

***

# म र आँखा

सबैलाई कतै छोडी एक्लै बस्न मन लाग्छ ।
एक्लै बसी आँखा चिम्ली अन्तै घुम्न मन लाग्छ ॥

धेरै कुरा हेर्दाहेर्दै आँखा पनि थाकेझैँ छन् ।
पृथ्वीलाई नाप्दा नाप्दै गोडा पनि थाकेझैँ छन् ॥

संसार धेरै ठूलो लाग्छ हिँडीहिँडी नाप्दाखेरि ।
धेरै सानो लाग्न सक्छ आँखा चिम्ली सोच्दाखेरि ॥

त्यसैले त आँखा खोल्छु वरिपरि हेर्नलाई ।
आँखा चिम्ली एक्लै बस्छु टाढा टाढा हेर्नलाई ॥

कति राम्रो संसार लाग्छ आँखा चिम्ली हेर्दाखेरि ।
कति सुख मिल्छ होला यसरी नै बाँच्दाखेरि ॥

* * *

# बानी सुधारौं

ठगी खाने हैन अब गरी खाने बनौं।
मागी खाने पनि हैन स्वाभिमानी बनौं॥
भ्रष्टाचारी हैन अब सदाचारी बनौं।
अत्याचारी हैन अब बफादारी बनौं॥

मोजमस्ती गर्नेभन्दा खोज गर्ने गरौं।
केही गरी देखाउने सोच गर्ने गरौं॥
आफूभन्दा सानालाई माया गर्न सिकौं।
आफूभन्दा ठुलालाई आदर गर्न सिकौं॥

संस्कृति र धर्मलाई जोगाइराख्न सिकौं।
सबै धर्म उस्तै ठानी आदर गर्न सिकौं॥
माटोलाई माया गरौं राष्ट्र सम्झी बाँचौं।
कामलाई पूजा सम्झी गौरवसाथ बाँचौं॥

आफ्नो अर्को ठान्ने बानी आजैबाट छोडौं।
जातपात र छुवाछुतको घेरालाई तोडौं॥
यौटै धर्ती यौटै आकाश यौटै रगत हाम्रो।
उच निच र भेदभाव छोड्दा सबको राम्रो॥

आफैबाट गल्ती भए सुधारिनु पर्छ ।
नियालेर आफैभित्र खोजी लिनु पर्छ ॥
हेर्ने दृष्टि गलत भए सच्याउनै पर्छ ।
गर्ने बानी गलत भए लत्याउनै पर्छ ॥

खोक्रो धाक लगाएर हिँड्न अब छोडौँ ।
बोक्रो मात्र देखाएर गल्ती गर्न छोडौँ ॥
एक्लो ठाने संसारमा सबै एक्लो हुन्छ ।
सबैलाई आफ्नो ठाने सबै आफ्नो हुन्छ ॥

***

# भोगाइको अनुभूतिहरू

सुख हुँदा वर्ष पनि दिन जस्तै लाग्दो रैछ ।
दुःख हुँदा दिन पनि वर्ष जस्तै लाग्दो रैछ ॥
आफ्नो मान्छे भेट हुँदा सँगै बसौँजस्तो लाग्छ ।
दिन रात एकैपारी बाँचिरहूँ जस्तो लाग्छ ।

सँगै बाँच्ने मान्छे पाउन सारै गाह्रो हुँदो रैछ ।
सँगै बस्न खोज्दा खोज्दै छुटिजानु पर्दो रैछ ॥
भेटपछि छुट्नै पर्ने कस्तो कस्तो नीति रैछ ।
बिछोडको पीडा सबले खप्नै पर्ने हुँदो रैछ ॥

सँगसँगै बस्दासम्म महत्त्व कम हुँदो रैछ ।
बहुमूल्य वस्तु पनि धेरै सस्तो लाग्दो रैछ ॥
उज्यालोमा बस्दासम्म टुकी खोज्ने थाह हुन्न ।
आँखा सद्धे हुँदासम्म त्यसको मूल्य थाहा हुन्न ॥

स्वास्थ्य राम्रो हुँदासम्म डाक्टर खोज्न कोही जान्न ।
राम्रा वस्तु पाएसम्म मन अन्त जाँदै जान्न ॥
कति इच्छा राख्नेभन्ने यसको कुनै सीमा छैन ।
सबै स्वर दिन सक्ने कुनै यस्तो वीणा छैन ॥

जोड्दै जाँदा ठूलो हुन्छ बोक्न पनि गारो हुन्छ ।
तोड्दै जाँदा सानो हुन्छ जता पनि राख्न मिल्छ ॥
सानो सधैँ सुन्दर भए सबको प्यारो भइदिन्छ ।
सबैसँग सँगै रही सबको मन जितिलिन्छ ॥

***

# आफूभित्रबाट

सजिलो छ भन्नलाई गर्न गारो छ ।
सजिलो छ बाँच्नलाई मर्न गारो छ ॥
सजिलो छ पीडा दिन भोग्न गारो छ ।
हुने कुरा भई जान्छ रोक्न गारो छ ॥

आफूजस्तै अरूलाई देख्न सक्नु छ ।
आफ्नो भाग्य आफैँबाट लेख्न सक्नु छ ॥
आफूलाई आफैँभित्र भेट्न सक्नु छ ।
आफ्नो भोक तिर्खा आफैँ मेट्न सक्नु छ ॥

आफूभित्र बत्ती बाले सबै प्रष्ट हुन्छ ।
बाहिरको अन्धकार आफैँ नष्ट हुन्छ ॥
अरूलाई अर्को ठान्दा आफैँ अर्को हुन्छ ।
सबैलाई आफ्नो ठान्दा  आफूसँगै हुन्छ ॥

ठिक बेठिक छुट्याएर काम गर्नुपर्छ ।
ठिक काम छान्न सके सुख त्यही फल्छ ॥
मनका सबै इच्छाहरू पुरा हुँदै हुन्नन् ।
इच्छा पुरा नहुँदामा ज्ञानीहरू रुन्नन् ॥